इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी

प.सं. : ०७४।०७५

च.नं. :

मिति : २०७५।१।१३

**बोलपत्र आवहान सम्बन्धी सुचना**

**(प्रथम पटक प्रकाशित मिति२०७५।१।१३)**

इनरुवा नगरपालिका नगर कार्यपालिकाको मिति २०७४।९।२६ को निर्णय अनुसार यस कार्यालयलाई समलग्न स्पेसिफिकेशन अनुसारका मेसिनरी औजार उपकरण तथा सवारी साधनको आवश्यक पर्न गएको हुदा इक्छुक अधिकार प्राप्त फर्म/ कम्पनीहरु वाट मेसिनरी औजार उपकरण उपलव्ध गराउन बोलपत्र आह्वान का लागी प्रथम पटक यो ३० तीस दिने सुचना प्रकासित गरिएको छ ।

बोलपत्र सम्वन्धी शर्तहरु

१.बोलपत्र फारम यो सुचना प्रथम पटक प्रकासित भएको मितिले ३० औ दिन भित्र कार्यालय समय सम्म यस कार्यालयको जिन्सी शाखा वाट फर्म इजात दर्ताको प्रमाणपत्र ,मु.अ.कर दर्ताको प्रमाण पत्र र २०७४/०७५ सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरिनिवेदन साथ तपशिल बमोजिमको वोलपत्र दस्तुर (फिर्ता नहुने गरि)छुट्टा छुट्टै बुझाई खरिद गर्न सकिनेछ ।

२.वोलपत्र दाताले बोलपत्र साथ फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र मु.अ.कर दर्ताको पमाण पत्र र आ.ब.२०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । बोलपत्रदाताले आफु खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको ,प्रस्तावित खरिदकार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्वन्धी कुनै कसुरमा सजाय नपाएको भनी घोषण सहित तोकिएको बोलपत्र फारममा सहिछाप गर्नु पर्ने । साथै आफुले उपलव्ध गराउने मेसिनरी औजार उपकरण र सावरी साधनको अलग अलग स्पेसिफिकेशन तथा यथासम्भव सो सम्वन्धी कुनै कागजातहरु manual तथा literature आदी बोलपत्र साथ पेश गनु पर्नेछ ।

३.बिदेशी बोलपत्रदाताले बोलपत्र पेश गरेमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमको प्रावधान अनुरुपको प्रक्रिया पुरा गरेको हुनु पर्नेछ ।

४.बोलपत्र दाताले बोलपत्र साथ आफुले कबोल गरेको कुल अंकको कम्तिमा २.५ % रकम बराबरको घटिमा १२० दिन म्याद भएको शर्त रहितको मान्यता प्राप्त बाणिज्य बैक वाट जारी बैक जमानी पत्र (विड वण्ड) वा रा.वा.बैक,इनरुवा स्थित इनरुवा नगरपालिकाको धरौटी खाता न. ग ३–२२२०३०३००३००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ा

५.खरिद भएका बोलपत्रहरु यो सुचना प्रमथ पटक पटक प्रकासित मितिले ३१ औ दिन दिनको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समय भित्र दर्ता हुन आएका बोपत्रहरु सोही दिन दिनको २.०० बजे वोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उल्लेखित बोलपत्र खरिद गर्ने,दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यलय खुलेको दिन तत् तत् कामहरु तत् तत् समयमा हुनेछ ।

६.बोलपत्र सम्वन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने छ ।

७.मेसिनरी औजार उपकरण र सवारी साधनको स्पेशिफिकेशन लायत प्राविधिक विवरण बोलपत्र फारम साथ प्राप्त हुनेछ ।

८.बोलपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

९.अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिने छ ।

**तपशिल**

| क्र.स. | वोलपत्र नम्वर | विवरण | संख्या | वोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ /२०७४/०७५ | ब्याक हु लोडर, ९२ एच.पी.माथी | १ (एक) | ३०००।०० | |
| २ | २ /२०७४/०७५ | भाईब्रेटर कम्प्याक्टर ९००० के.जी.देखि माथी | १ (एक) | ३०००।०० | |
| ३ | ३ /२०७४/०७५ | टिप्पर (7.5 m³ tipper) | १ (एक) | ३०००।०० | |
| ४ | ४ /२०७४/०७५ | डवल क्याब पिकअप (4 WD) | १ (एक) | ३०००।०० | |
| ५ | ५ /२०७४/०७५ | ५ सिटे भेन (११९० सि.सि.सम्म) | १ (एक) | १०००।०० | |

**इनरुवा नगरपालिका**